# S. Devkota & Company
*Chartered Accountants*

2nd Floor, D-Block
Kathmandu Business Park
Teku, Kathmandu
+977-1-5908434
info@sdnco.com.np
www.sdnco.com.np


## सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका शेयर सदस्यहरुलाई

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

### १. कैफियत सहितको राय

हामीले यसै साथ संलग्न **श्री सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड ("संस्था")** को मिति २०८१ आषाढ ३१ को वित्तीय स्थिती विवरण ( वासलात), सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०।८१ सालको आय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण तथा लेखा नीतिहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा यसै प्रतिवेदनको ***"रायको आधार"*** शिर्षकमा उल्लेखीत व्यहोराले वित्तिय विवरणमा पार्नसक्ने प्रभाव बाहेक संलग्न वित्तिय विवरणहरुले संस्थाको २०८१ असाढ ३१ को वित्तिय स्थिती, संस्थाको आर्थिक वर्ष २०८०।८१ को नाफा नोक्सान, अन्य विस्तृत आम्दानी, नगद प्रवाह, र ईक्वीटीमा भएको परिवर्तनको सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को अधिनमा रहि नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम, सारभुत रुपमा, सहि र यर्थाथ चित्रण गर्दछ ।

### २. रायको आधार

æसहकारी संघऽसंस्था दर्ता, संचालन लेखापरिक्षण, अनुगमन, तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ को दफा ३० बमोजीम सहकारी संस्थाले असल ऋण, शंकास्पद ऋण र खराब ऋणमा क्रमश १%, ३५% र १००% ऋण नोक्सानी व्यवस्था प्रावधान गर्नुपर्ने हुन्छ । सोही मापदण्ड अनुसार कर्जा नोक्सानी व्यवस्था रु. १२,८५३,२०५.९२ हुनुपर्नेमा संस्थाले रु. १,३१९,८९९.०९ मात्रै प्रावधान गरेकोले रु. ११,५३३,३०६.८३ नपुग हुन गएको छ, जस्ले वित्तीय विवरणलाई सारभुत एवं व्यापक वित्तिय प्रभाव पार्ने हुदाँ राय परिमार्जन गर्न जरुरी देखिन्छ । साथै संस्थाले सहकारी ऐनको बर्खिलाप हुनेगरी घरजग्गा कोष वापत रकम संकलन गरेको देखिन्छ जसको विवरण प्रमुख लेखा नीति तथा टिप्पनी विवरणको अनुसुची २.९ मा उल्लेख गरिएको छ ।

हामीले नेपाल लेखापरीक्षणमान को आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । सो अनुरुप हाम्रो जिम्मेवारी लेखापरीक्षकको दायित्वमा उल्लेख गरिएको छ । हामी नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको आचार संहिता (Code of Ethics) बमोजिम सस्थाबाट स्वतन्त्र छौं र हामीले नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको आचार संहिता (Code of Ethics) बमोजिम नैतिक जिम्मेवारी वहन गरेका छौ । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षकको राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

### ३. विषय उपर जोड (Emphasis of Matter)

संस्थाको यस अर्थिक वर्षको लेखापरीक्षणका दौरान संस्थाको वित्तीय विवरणमा सारभुतरुपमा असर नगर्ने मामिलाहरु संस्थाको व्यवस्थापन तथा सञ्चालक समितिलाई प्रारम्भिक प्रतिवेदन मार्फत जानकारी गराइसकिएको छ । यी मध्ये केही सुझावहरु सहकारी ऐन, नियम, मापदण्ड लगायतका प्रावधानहरुको पालना सम्बन्धमा छन् भने अन्य विषय आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्नुपर्ने सुझावहरु छन् । जस्तै, "सहकारी संघ/संस्था दर्ता, संचालन लेखापरिक्षण, अनुगमन, तथा नियमन सम्बन्धी मापदण्ड, २०६८" को दफा २८(१) मा उल्लिखीत व्यवस्था बमोजिम एकै व्यक्तिलाई संस्थाको तत्काल कायम रहेको कुल पुँजीकोषको १० प्रतिशत भन्दा बढी नहुने गरी ऋण प्रदान गर्नूपर्नेछ भन्ने व्यवस्था भएकोमा संस्थाले एक सदस्यलाई सो सिमा भन्दा बढी कर्जा लगानी गरेको पाइएको, सहकारी ऐन २०७४ को दफा ४१ अनुसार संचालक समितिमा कम्तिमा तेत्तिस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व

सुनिश्चित गर्नुपर्ने व्यवस्था भएकोमा जम्मा २ जना मात्र (१८.१८ %) महिला सदस्य मनोनयन गरेको पाइएको, सहकारी ऐन - २०७४ को दफा ३० बमोजिम संस्थाको सदस्य हुन कम्तीमा १ शेयर किनेर संस्थाको शेयरधनी हुनुपर्नेमा शेयर खरीद नगरेकोलाई पनि सदस्य बनाई बचत र कर्जा प्रवाह गरेको पाइयो । सहकारी ऐन २०७४ को दफा १२५ (ङ) अनुसार कुनैपनि व्यक्ति सहकारीको सदस्य बनेको तिन महिना नपुगी ऋण लगानी गर्न नपाईने व्यवस्था भएकोमा सोको परिपालना नभएको पाइएको छ । संस्थाको व्यवस्थापन र सञ्चालक समितिबाट उल्लेखित विषयमा प्रदान गरिएका सुझावहरु क्रमैसँग सुधार गर्दै लैजाने लिखित प्रतिबद्धता प्रारम्भिक प्रतिवेदनको जवाफमा प्राप्त भएका छन् ।

## ४. अन्य मामिलाहरु (Other Matters)

संस्थाको वार्षिक प्रतिवेदनमा उल्लेख भएका वित्तीय विवरण र लेखापरीक्षकको राय उल्लेखित प्रतिवेदन बाहेक, सञ्चालक समिति, व्यवस्थापनको प्रतिवेदन लगायतका विवरण उपरको जिम्मेवारी व्यवस्थापन र सञ्चालक समितिमा निहित रहेको छ ।

वित्तीय विवरणको लेखापरीक्षणका दौरान हाम्रो जिम्मेवारी अर्न्तगत अन्य विवरणहरुको अध्ययन र वित्तीय विवरणसँग सारभुत रुपमा फरक भए नभएको यकिन गर्ने कार्य पर्दछन् । यस प्रतिवेदनका बखत वित्तीय विवरण बाहेकका अन्य विवरणहरु तयार हुने क्रममा रहेको र सो विवरणको अन्तिम संस्करण उपलब्ध गराउने प्रतिवद्धता व्यवस्थापनबाट प्राप्त भएको छ ।

## ५. वित्तीय विवरण उपर व्यवस्थापन र समितिको दायित्व

नेपाल लेखामान, सम्वन्धित ऐन र अन्य नियम, कानून, अभ्यास अनुरुप वित्तीय विवरण तयार पार्ने तथा यथोचित प्रस्तुतिकरण गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ। उक्त जिम्मेबारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्वन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारीता कायम राख्ने कार्यहरु पर्दछन र जसमा वित्तीय विवरणहरु त्रुटी तथा जालसाजीको कारणले सारभूत रुपमा गलत ऑकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नितिहरुको छनौट र कार्यान्वयन गर्ने, आवश्यकतानुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

## ६. वित्तीय विवरणमा लेखापरीक्षकको दायित्व

व्यवस्थापनले तयार गरेका वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । संस्थाले वित्तिय विवरण तयार गर्दा अवलम्वन गरेको लेखा सिद्धान्त लेखा नितिको सान्दर्भिकता, विश्लेषण र व्यवस्थापनले गरेका महत्वपूर्ण लेखाअनुमानको उपयुक्तता एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्याङ्कन गर्ने कार्यसमेत लेखापरिक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ । वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभुत रुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षणमान अनुसार योजना तयार गरी तद्अनुसार लेखापरिक्षण सम्पन्न गर्नु पर्दछ ।वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको छड्के परीक्षण कार्यविधि समेत लेखापरिक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याइन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याइन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्ततावारे परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितावारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन।

लेखापरीक्षण परिधी तथा अवधी लेखापरीक्षण कैफियत तथा आन्तरीक नियन्त्रण प्रणालीमा देखिएका कमी कमजोरीका बारेमा व्यवस्थापनलाई सुझाव पेश गर्नु हाम्रो जिम्मेवारी हो र सो अनुरुप हामीले व्यवस्थापनलाई सुझाव पेश गरी सकेका छौं।

## ७. सहकारी ऐन बमोजिम हाम्रो प्रतिवेदन

उपरोक्त अनुसार हामीले परीक्षण गरेको विवरणहरुको आधारामा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं ।

क) लेखा परीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टिकरणहरु उपलब्ध भएका छन् । हिसाब किताब, श्रेस्ता सहकारी ऐन तथा प्रचलीत कानुन बमोजिम रितपूर्वक राखिएको पाइयो ।

ख) यस प्रतिवेदनसँग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तन सम्बन्धि विवरण सहकारी विभागवाट जारी भएका निर्देशनहरु एवं प्रचलित कानुनलाई आधार मानी तयार गरिएका छन् र सस्थाले राखेका हिसाब किताबसँग दुरुस्त रहेका छन्,

ग) हामीले लेखा परीक्षण गरेका श्रेष्ताहरुको आधारमा संस्थाको कारोबार प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको अवस्थामा बाहेक सन्तोषजनक रहेको पाइयो,

घ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टिकरण र हामीले परीक्षण गरेका श्रेस्ताहरुबाट संलग्न प्रतिवेदनको "रायको आधार " र " विषय उपर जोड " शिर्षकहरुमा उल्लेख भएका विवरणहरु बाहेक संचालक समिति कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, वा संस्था वा निक्षेपकर्ताको सुरक्षा विपरित हुने कुनै काम गरको पाएनौं ।

एस.देवकोटा एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्ट्स

स्थान : काठमाडौं

मिति : २०८१।०६।०२

सि.ए सुनिल देवकोटा
साझेदार

UDIN: 240918CA0019524uYQ

# सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

म्याङलुग, तेह्रथुम

२०८१ आषाढ मसान्तको वासलात

| विवरण | अनुसुची | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| **पूंजी तथा दायित्व** | | | |
| चुक्ता पूंजी | १ | २९,१४२,२००.०० | २८,८५२,२००.०० |
| कोषहरु :- | | | |
| क)जगेडा कोष | | १२,७८८,६४६.१९ | १२,०३६,३४७.१९ |
| ख)अन्य कोष | २ | २१,१९६,६३८.८२ | २२,४०३,८०५.१६ |
| बाहय ऋण | ३ | ३,३७५,००१.०० | ४,०००,०००.०० |
| बचत | ४ | ९२,७३८,६९५.४५ | ९२,१९३,०३७.३५ |
| चालु दायित्व तथा व्यवस्था | ५ | २,५८८,२८४.२३ | १,८५४,००४.४६ |
| व्याज (सस्पेन्स खाता) | | १५,१३९,०२८.९२ | ११,३३७,१६६.०० |
| जम्मा :- | | १७६,९६८,४९४.६० | १७२,६७६,५६०.१६ |
| **सम्पत्ति** | | | |
| नगद मौज्दात (व्यवस्थापन बाट प्रमाणीत) | | १,१०५,७९३.६० | १,२४६,५९३.३६ |
| बैंक मौज्दात | ६ | २५,७३१,१५२.६९ | २३,२४७,५३१.८२ |
| गैर बैकिङ सम्पत्ति | | – | १,१३५,०००.०० |
| कर्जा तथा सापट | ७ | १२१,७६२,८११.८१ | १२२,६७३,५६३.०० |
| स्थिर सम्पत्ति | ८ | १२,७३७,२९४.०६ | ११,९८७,५२५.३५ |
| अन्य सम्पत्ति | ९ | १५,३७१,४०९.१९ | ११,५५९,४०७.१८ |
| लगानी (मुद्दति समेत) | १२ | २६०,०३३.२५ | ८२६,९३९.४५ |
| जम्मा :- | | १७६,९६८,४९४.६० | १७२,६७६,५६०.१६ |

प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु — अनुसूची १४

| | | | | |
|---|---|---|---|---|
| दिल बहादुर लिम्बु<br>अध्यक्ष | भगिश्वर लिम्बु<br>उपाध्यक्ष | यादवमणि दाहाल<br>सचिव | नरबहादुर लिम्बु<br>सहसचिव | राजन खत्री<br>कोषाध्यक्ष |
| तुलसीप्रसाद ढकाल<br>सं.सदस्य | अर्जुन ढुंगाना<br>सं.सदस्य | होम बहादुर श्रेष्ठ<br>सं.सदस्य | डिक बहादुर कार्की<br>सं.सदस्य | |
| श्रीलक्ष्मी श्रेष्ठ<br>सं.सदस्य | सञ्जु दाहाल<br>सं.सदस्य | जोशन श्रेष्ठ<br>प्रवन्धक | | |

हाम्रो यसै मितिको संलग्न प्रतिवेदन बमोजिम

सुनिल देवकोटा
एस.देवकोटा एण्ड कम्पनी
चार्टड एकाउन्टेन्ट्स

स्थान: तेह्रथुम
मिति:२०८१।०६।०१

# सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

म्याङलुग, तेह्रथुम

२०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको

## नगद प्रवाह विवरण

| विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|
| **क) सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | |
| आयकर व्यवस्था अगाडीको नाफा | ३,२७८,७०१.३८ | ६,०८३,७४६.६३ |
| जोड्ने | | |
| १.स्थिर सम्पत्ति बिक्रीमा नोक्सान | - | - |
| २.ह्रास कट्टी खर्च | ५६९,३७१.०४ | ५८२,६२३.४४ |
| ३.शेयर तथा डिवेन्चर बिक्रीमा नोक्सानी | - | - |
| ४ कर्जा नोक्सानी व्यवस्था | १४,१०४.६४ | - |
| कार्यशील पुंजीमा भएको परिवर्तन | | |
| १.निक्षेपमा हिसावमा बृद्धि/(कमी) | ५४५,६५८.१० | (१०,०८५,५३२.०२) |
| २.अन्य दायित्वमा बृद्धि/(कमी) | ७०१,८२२.२१ | (३१८,६९०.३५) |
| ३.कर्जा सापटीमा कमी/(बृद्धि) | ९१०,७५१.१९ | ७,९०५,८८१.०० |
| ४.अन्य सम्पतीमा कमी/(बृद्धि) | (३,८१२,००२.०१) | (३,६६०,६९२.४८) |
| **आयकर भुक्तानी अगाडी सञ्चालनबाट नगद प्रवाह** | **२,२०८,४०६.५५** | **५०७,३३६.२२** |
| घटाउने | | |
| कर्मचारी वोनस भुक्तानी | (३०१,७८८.३६) | (३४९,९४४.४२) |
| आयकर भुक्तानी | (२९४,०४१.९१) | - |
| **कुल सञ्चानल गतिविधिबाट नगद प्रवाह** | **१,६१२,५७६.२८** | **१५७,३९१.८०** |
| **ख) लगानी गतिविधिको नगद प्रवाह** | | |
| १.स्थिर सम्पत्ति (खरिद) | (१,३१९,१४०.००) | (४५६,४६१.४३) |
| ४.गैर बैंकिङ सम्पत्तिको कमी/(बृद्धि) | १,१३५,०००.०० | (१,१३५,०००.००) |
| ५.लगानीमा कमी/(बृद्धि) | ५६६,९०६.२० | १२५,५५१.४० |
| **कुल लगानी गतिविधिबाट नगद प्रवाह** | **३८२,७६६.२०** | **(१,४६५,९१०.०३)** |
| **ग) वित्तिय गतिविधिको नगद प्रवाह** | | |
| १.चुक्ता शेयर पुंजीमा भएको वृद्धि | २९०,०००.०० | ५,९३६,८००.०० |
| २.लाभांश भुक्तानी | (३,२६४,३०७.९०) | (३,७८५,१९०.१५) |
| ३.वाहृय ऋणमा बृद्धि। (कमी) | (६२४,९९९.००) | २,३८९,०००.०० |
| ४.भवन निमार्ण कोषमा समायोजन | १३४,२००.०० | १,१७८,६००.०० |
| ५.जगेडा कोषमा थपघट | १०,७२२.३६ | ५१२,२३८.१३ |
| **कुल वित्तिय गतिविधिबाट नगद प्रवाह** | **(३,४५४,३८४.५७)** | **६,२३१,४४७.९८** |
| **घ)ब्याज(सस्पेन्स खाता)** | **३,८०१,८६२.९२** | **३,७३८,४४०.००** |
| **कुल गतिविधिबाट नगद प्रवाह (क + ख + ग + घ)** | **२,३४२,८२१.१३** | **८,६६१,३६९.९१** |
| गत बर्षको बैंक तथा नगद मौज्दात | २४,४९४,१२५.१८ | १५,८३२,७५५.४३ |
| **कुल बैंक तथा नगद मौज्दात** | **२६,८३६,९४६.२९** | **२४,४९४,१२५.१८** |

प्रमुख लेखा नीतिहरु र लेखा सम्वन्धि टिप्पणी अनूसुची १४

दिल बहादुर लिम्बु
अध्यक्ष

भगिश्वर लिम्बु
उपाध्यक्ष

यादवमणि दाहाल
सचिव

नरबहादुर लिम्बु
सहसचिव

राजन खत्री
कोषाध्यक्ष

तुलसीप्रसाद ढकाल
सं.सदस्य

अर्जुन ढुंगाना
सं.सदस्य

होम बहादुर श्रेष्ठ
सं.सदस्य

डिक बहादुर कार्की
सं.सदस्य

श्रीलक्ष्मी श्रेष्ठ
सं.सदस्य

सञ्जु दाहाल
सं.सदस्य

...सन श्रेष्ठ
प्रवन्धक

हाम्रो यसै मितिको संलग्न प्रतिवेदन बमोजिम

सुनिल देवकोटा
एस.देवकोटा एण्ड कम्पनी
चार्टड एकाउन्टेन्ट्स

स्थानः तेह्रथुम
मिति:२०८१।०६।०१

# सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

म्याङलुग, तेह्रथुम

आयविवरण

२०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको

| विवरण | अनुसुची | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| आम्दानी | | | |
| क) कर्जा तथा सापटबाट प्राप्त ब्याज | | १५,८९९,९८९.८० | १७,२७२,२८८.०० |
| ख) बैंक ब्याज | | ४८७,८७६.७९ | २६४,८५४.२९ |
| ग) विविध आम्दानी | १० | ७७५,८६३.२५ | १,३१३,०६५.५१ |
| कुल आम्दानी | | १७,१६३,७२९.८४ | १८,८५०,२०७.८० |
| खर्च | अनुसुची | | |
| क) बचतमा ब्याज खर्च | | ८,८१९,१५७.१२ | ८,१७८,७३३.०० |
| ख) बाहय ऋणमा ब्याज खर्च | | - | ८,७७०.०० |
| ग) कर्मचारी खर्च | ११ | २,४९३,२८३.७७ | २,२७४,८४९.७५ |
| घ) कार्यालय खर्च | १३ | २,५५८,४८२.९३ | २,३०४,१०८.४२ |
| कुल खर्च | | १३,८७०,९२३.८२ | १२,७६६,४६१.१७ |
| कर अघिको नाफा/नोक्सान | | ३,२९२,८०६.०२ | ६,०८३,७४६.६३ |
| कर्जा नोक्सानी ब्यवस्था | | १४,१०४.६४ | - |
| सञ्चालन मुनाफा | | ३,२७८,७०१.३८ | ६,०८३,७४६.६३ |
| आयकर ब्यवस्था यस आ.व. को | | ३१२,३९४.८३ | २९४,०४१.९१ |
| आयकर पछिको खुद नाफा । (नोक्सान) बांडफँड | | २,९६६,३०६.५५ | ५,७८९,७०४.७३ |
| जगेडा कोष | | ७४१,५७६.६४ | १,४४७,४२६.१८ |
| सहकारी प्रर्वद्दन कोष | | ११,१२३.६५ | २१,७११.३९ |
| संरक्षित पूंजी फिर्ता कोष | | ६६७,४१८.९७ | १,३०२,६८३.५६ |
| वितरण योग्य मुनाफाको बँडफँड | | १,५४६,१८७.२९ | ३,०१७,८८३.५९ |
| क) शेयर लाभांश कोष | | ८५०,४०३.०१ | १,६५९,८३५.९७ |
| ख) सहकारी शिक्षा कोष | | १५४,६१८.७३ | ३०१,७८८.३६ |
| ग) घाटापुर्ति कोष | | १५४,६१८.७३ | ३०१,७८८.३६ |
| घ) डुबन्त ऋण कोष | | ७७,३०९.३६ | १५०,८९४.१८ |
| ङ) कर्मचारी बोनस कोष | | १५४,६१८.७३ | ३०१,७८८.३६ |
| च) सहकारी बिकास कोष | | १५४,६१८.७३ | ३०१,७८८.३६ |

प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु अनूसुची १४

दिल बहादुर लिम्बु
अध्यक्ष

भगिश्वर लिम्बु
उपाध्यक्ष

यादवमणि दाहाल
सचिव

नरबहादुर लिम्बु
सहसचिव

राजन खत्री
कोषाध्यक्ष

तुलसीप्रसाद ढकाल
सं.सदस्य

अर्जुन ढुंगाना
सं.सदस्य

होम बहादुर श्रेष्ठ
सं.सदस्य

डिक बहादुर कार्की
सं.सदस्य

हाम्रो यसै मितिको संलग्न प्रतिवेदन बमोजिम

श्रीलक्ष्मी श्रेष्ठ
सं.सदस्य

सञ्जु दाहाल
सं.सदस्य

जसन श्रेष्ठ
प्रवन्धक

सुनिल देवकोटा
एस.देवकोटा एण्ड कम्पनी
चार्टड एकाउन्टेन्ट्स

स्थान: तेह्रथुम
मिति:२०८१।०६।०१

# सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

म्याङलुग, तेह्रथुम

इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण

आर्थिक वर्ष २०८०/८१

| विवरण | शेयर | जगेडा कोष | शेयर लाभांश कोष | संरक्षित पूंजीफिर्ता कोष | सहकारी विकास कोष | सहकारी शिक्षा कोष | घाटापूर्ति कोष | कर्मचारी बोनस कोष | डुबन्ते ऋण कोष | घर जग्गा कोष | सहकारी प्रवर्द्धन कोष | कूल रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **मौज्दात आषाढ ३१, २०८०** | २८,८५२,२००.०० | १२,०३६,३४७.१९ | १,६५९,८३५.९७ | १,३०२,६८३.५६ | २,५४४,४९१.२३ | ३०१,७८८.३६ | २,९३४,६७७.५८ | ३०१,७८८.३६ | १,५५६,४९४.५३ | ११,६८४,९९४.५२ | ११७,०५१.०५ | ६३,२९२,३५२.३५ |
| लेखानीतिमा परिवर्तन | | - | | | | | | | - | | - | - |
| **पुर्नस्थापित मौज्दात** | २८,८५२,२००.०० | १२,०३६,३४७.१९ | १,६५९,८३५.९७ | १,३०२,६८३.५६ | २,५४४,४९१.२३ | ३०१,७८८.३६ | २,९३४,६७७.५८ | ३०१,७८८.३६ | १,५५६,४९४.५३ | ११,६८४,९९४.५२ | ११७,०५१.०५ | ६३,२९२,३५२.३५ |
| **समायोजन** | | | | | | | | | | | | - |
| यस वर्षको खुद नाफाबाट थप | | ७४१,५७६.६४ | ८५०,४०३.०१ | ६६७,४१८.९७ | १५४,६१८.७३ | १५४,६१८.७३ | १५४,६१८.७३ | १५४,६१८.७३ | ७७,३०९.३६ | - | ११,१२३.६५ | २,९६६,३०६.५५ |
| शेयर पुजी निष्काशन | २९०,०००.०० | | | | | | | | | | | २९०,०००.०० |
| शेयर लाभांश कोष | | | | | | | | | | | | - |
| जगेडा कोषमा समायोजन | | - | | | | | | | | | | - |
| लाभांश वितरण | | | (१,६५९,८३५.९७) | | | | | | | | | (१,६५९,८३५.९७) |
| संरक्षित पूंजी कोष | | | | (१,३०२,६८३.५६) | | | | | | | | (१,३०२,६८३.५६) |
| सहकारी विकास कोष | | | | | | | | | | | | - |
| सहकारी शिक्षा कोष | | | | | | (३०१,७८८.३६) | | | | | | (३०१,७८८.३६) |
| घाटापूर्ति कोष | | | | | | | | | | | | - |
| कर्मचारी बोनस कोष | | १०,७२२.३६ | | | | | | (३०१,७८८.३६) | | | | (२९१,०६६.००) |
| डुबन्ते ऋण कोष | | | | | | | | | | | | - |
| घर जग्गा कोष | | | | | | | | | | १३४,२००.०० | | १३४,२००.०० |
| सहकारी प्रवर्द्धन कोष | | | | | | | | | | | | - |
| **मौज्दात आषाढ ३१, २०८१** | २९,१४२,२००.०० | १२,७८८,६४६.१९ | ८५०,४०३.०१ | ६६७,४१८.९७ | २,६९९,१०९.९६ | १५४,६१८.७३ | ३,०८९,२९६.३१ | १५४,६१८.७३ | १,६३३,८०३.८९ | ११,८१९,१९४.५२ | १२८,१७४.७० | ६३,१२७,४८५.०० |

प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु	अनुसूची १४

दिल बहादुर लिम्बु
अध्यक्ष

भगिश्वर लिम्बु
उपाध्यक्ष

यादवमणि दाहाल
सचिव

नरबहादुर लिम्बु
सहसचिव

राजन खत्री
कोषाध्यक्ष

तुलसीप्रसाद ढकाल
सं.सदस्य

अर्जुन ढुंगाना
सं.सदस्य

होम बहादुर श्रेष्ठ
सं.सदस्य

डिक बहादुर कार्की
सं.सदस्य

श्रीलक्ष्मी श्रेष्ठ
सं.सदस्य

सन्जु दाहाल
सं.सदस्य

जोसन श्रेष्ठ
प्रवन्धक

हाम्रो यसै मितिको संलग्न प्रतिवेदन बमोजिम

सुनिल देवकोटा
एस देवकोटा एण्ड कम्पनी
चार्टड एकाउन्टेन्ट्स

स्थान: तेह्रथुम
मिति:२०८१।०६।०१

# सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

म्याङलुग, तेह्रथुम

आय व्यय बाँडफाँड हिसाब

२०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको

| विवरण | अनुसुची | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| आम्दानी | | | |
| क. गत वर्ष सम्मको बचत | | - | - |
| ख. यस वर्षको बचत | | २,९६६,३०६.५५ | ५,७८९,७०४.७३ |
| जम्मा | | २,९६६,३०६.५५ | ५,७८९,७०४.७३ |
| खर्च | | | |
| क. गत वर्ष सम्मको सञ्चित नोक्सान | | - | - |
| ख. यस बर्षको नोक्सान | | - | - |
| ग. जगेडा कोष | | ७४१,५७६.६४ | १,४४७,४२६.१८ |
| घ. सहकारी प्रर्बद्दन कोष | | ११,१२३.६५ | २१,७११.३९ |
| ङ) संरक्षित पूंजी फिर्ता कोष | | ६६७,४१८.९७ | १,३०२,६८३.५६ |
| च) शेयर लाभांश कोष | | ८५०,४०३.०१ | १,६५९,८३५.९७ |
| छ) सहकारी शिक्षा कोष | | १५४,६१८.७३ | ३०१,७८८.३६ |
| ज) घाटापुर्ति कोष | | १५४,६१८.७३ | ३०१,७८८.३६ |
| झ) डुबन्त ऋण कोष | | ७७,३०९.३६ | १५०,८९४.१८ |
| ञ) कर्मचारी वोनस कोष | | १५४,६१८.७३ | ३०१,७८८.३६ |
| ट) सहकारी बिकास कोष | | १५४,६१८.७३ | ३०१,७८८.३६ |
| जम्मा | | २,९६६,३०६.५५ | ५,७८९,७०४.७३ |
| सञ्चित बचत ( नोक्सान ) | | - | - |

प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु अनूसुची १४

दिल बहादुर लिम्बु
अध्यक्ष

भगिश्वर लिम्बु
उपाध्यक्ष

यादवमणि दाहाल
सचिव

नरबहादुर लिम्बु
सहसचिव

राजन खत्री
कोषाध्यक्ष

तुलसीप्रसाद ढकाल
सं.सदस्य

अर्जुन ढुंगाना
सं.सदस्य

होम बहादुर श्रेष्ठ
सं.सदस्य

डिक बहादुर कार्की
सं.सदस्य

हाम्रो यसै मितिको संलग्न प्रतिबेदन बमोजिम

श्रीलक्ष्मी श्रेष्ठ
सं.सदस्य

सञ्जु दाहाल
सं.सदस्य

जोसन श्रेष्ठ
प्रवन्धक

सुनिल देवकोटा
एस.देवकोटा एण्ड कम्पनी
चार्टड एकाउन्टेन्ट्स

स्थान: तेह्रथुम
मिति:२०८१।०६।०१

## सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

म्याङलुग, तेह्रथुम

२०८१ आषाढ ३१ को आर्थिक विवरण संग सम्बन्धित अनुसुचीहरु

पुंजी — अनुसुची १

| क.सं |  | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | शेयर पुंजी | २९,१४२,२००.०० | २८,८५२,२००.०० |
|  | जम्मा :- | २९,१४२,२००.०० | २८,८५२,२००.०० |

अन्य कोष — अनुसुची २

| क.सं | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | शेयर लाभांश कोष | ८५०,४०३.०१ | १,६५९,८३५.९७ |
| २ | संरक्षित पूंजीफिर्ता कोष | ६६७,४१८.९७ | १,३०२,६८३.५६ |
| ३ | सहकारी विकास कोष | २,६९९,१०९.९६ | २,५४४,४९१.२३ |
| ४ | सहकारी शिक्षा कोष | १५४,६१८.७३ | ३०१,७८८.३६ |
| ५ | घाटापूर्ति कोष | ३,०८९,२९६.३१ | २,९३४,६७७.५८ |
| ६ | कर्मचारी बोनस कोष | १५४,६१८.७३ | ३०१,७८८.३६ |
| ७ | डूवन्ते ऋण कोष | १,६३३,८०३.८९ | १,५५६,४९४.५३ |
| ८ | घर जग्गा कोष | ११,८१९,१९४.५२ | ११,६८४,९९४.५२ |
| ९ | सहकारी प्रवर्द्धन कोष | १२८,१७४.७० | ११७,०५१.०५ |
|  | जम्मा :- | २१,१९६,६३८.८२ | २२,४०३,८०५.१६ |

बाह्य ऋण — अनुसुची ३

| क.सं | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | युवा तथा साना व्यवसायी स्वरोजगर कोष | १,८७५,००१.०० | २,५००,०००.०० |
| २ | युवा उद्यम कर्जा - म्याङलुङ नगरपालिका | १,५००,०००.०० | १,५००,०००.०० |
|  | जम्मा :- | ३,३७५,००१.०० | ४,०००,०००.०० |

निक्षेप — अनुसुची ४

| क.सं | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु,) |
|---|---|---|---|
| १ | प्रिमियम बचत | १९,५३२,७७७.३७ | २२,२२६,२४५.५८ |
| २ | दैनिक बचत | ७,८१९,९६८.०८ | ७,२३१,५५५.४८ |
| ३ | नियमित बचत | ५,४१५,३१९.४३ | ४,१९५,३३४.५१ |
| ४ | बाल बचत | १५,३६२,२५३.६६ | १३,३९३,१८९.०५ |
| ५ | नारी बचत | ८,१२६,१७०.९३ | ८,५२४,०५७.२५ |
| ६ | मेघा बचत | १,०४१,५००.०० | ६९५,५००.०० |
| ७ | वृद्ध बचत | ३,९१३,०९१.०९ | ४,४१६,९९१.०२ |
| ८ | क्रमिक मूद्दती बचत १ वर्ष | २,४८६,०७०.७० | २,९६०,५००.३५ |
| ९ | क्रमिक मूद्दती बचत २ वर्ष | ४५,७९५.१३ | ७५,९१२.०१ |
| १० | क्रमिक मूद्दती बचत ३ वर्ष | १,९४०,४१७.७६ | २,२२८,२६१.१२ |
| ११ | क्रमिक मूद्दती बचत ५ वर्ष | ३४,७६९.३३ | १८,८९६.९८ |
| १२ | आवधिक ३ महिने | - | ८५०,०००.०० |
| १३ | आवधिक ६ महिने | ४,१००,०००.०० | १,५००,०००.०० |
| १४ | आवधिक १ वर्षे | ७,६६१,०००.०० | ७,८५८,०००.०० |
| १५ | आवधिक २ वर्षे | १,४००,०००.०० | २,०००,०००.०० |
| १६ | आवधिक ३ वर्षे | १३,२९३,६७६.०० | १४,०१८,५९४.०० |
| १७ | कर्मचारी उपदान बचत | २०४,३२३.५४ | - |
| १८ | अन्य बचत | ३६१,५६२.४३ | - |
|  | जम्मा :- | ९२,७३८,६९५.४५ | ९२,१९३,०३७.३५ |

# सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

म्याङलुग, तेह्रथुम

२०८१ आषाढ ३१ को आर्थिक विवरण संग सम्बन्धित अनुसुचीहरु

**चालु दायित्व** — अनुसुची ५

| क.सं | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | निक्षेप व्याज कर | १४८,०८०.४६ | १५७,३४५.०४ |
| २ | लेखापरीक्षण कर कटटी | ७५०.०० | ७५०.०० |
| ३ | तिर्नुपर्ने लेखापरीक्षण शुल्क | ५५,७५०.०० | ५५,७५०.०० |
| ४ | तिर्नुपर्ने सफ्टवेयर खर्च | ५४,२४०.०० | - |
| ५ | तिर्नुपर्ने सामाजिक सुरक्षा कर | ६००.०० | - |
| ६ | अन्य दिनुपर्ने | १७,७३४.३४ | ४०,३२३.०६ |
| ७ | अन्य दायित्व | ६७८,८३५.५१ | - |
| ८ | व्यवस्थाहरु | | |
| | क) कर्जा नोक्सानी व्यवस्था | १,३१९,८९९.०९ | १,३०५,७९४.४५ |
| | ख) आयकर व्यवस्था | ३१२,३९४.८३ | २९४,०४१.९१ |
| | जम्मा :- | २,५८८,२८४.२३ | १,८५४,००४.४६ |

**बैंक मौज्दात** — अनुसुची ६

| क.सं | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | एसविआई वैंक लिमिटेड | १७३,९५३.०५ | १७०,६८५.२३ |
| २ | ग्लोवल आईएमई वैंक लिमिटेड | ९,७८८,६७१.६२ | १०,१०९,०१३.९७ |
| ३ | एन आई सी एसिया वैंक लिमिटेड | २,२७१,९९३.८७ | ५७२,५७४.३२ |
| ४ | सप्तकोशी विकास वैंक लिमिटेड | २४९,४४१.५० | २४५,१७४.३० |
| ५ | नेपाल वैंक लिमिटेड | १०७,२८७.९० | २७,२८७.९० |
| ६ | सानिमा वैंक लिमिटेड | ११,१५४,९३६.१३ | ८,३६१,११६.५९ |
| ७ | कृषि विकास वैंक लिमिटेड | ८२२,३०६.९१ | १६७,३१२.८८ |
| ८ | साना किसान विकास वैंक लिमिटेड | ४१४,६४९.११ | ३९३,१९१.३९ |
| ९ | जिल्ला वचत तथा ऋण सहकारी संस्था लि. | ६३,४००.०० | ५१,४००.०० |
| १० | नेपाल वचत तथा ऋण सहकारी संघ लि. | ५१४,०७०.९० | ४९१,७३३.०६ |
| ११ | लक्ष्मी सन्राइज वैंक लिमिटेड | ७८,१३३.५० | २,५६८,२१३.५१ |
| १२ | राष्ट्रिय सहकारी वैंक लिमिटेड | ९२,३०८.२० | ८९,८२८.६७ |
| | जम्मा :- | २५,७३१,१५२.६९ | २३,२४७,५३१.८२ |

**कर्जा तथा सापट** — अनुसुची ७

| क.सं | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | घर कर्जा | ६१,१९४,९३१.४१ | ६०,२१७,९३९.०० |
| २ | सहयोगी विशेष कर्जा | १९,५३८,२७३.५८ | १९,५३१,२६२.०० |
| ३ | सदस्य विशेष कर्जा | ५,७११,९०५.४४ | ६,५८५,४०६.०० |
| ४ | निक्षेप कर्जा | ६९२,८७९.४६ | १,२७७,५००.०० |
| ५ | जमानत कर्जा | १५,८४९,०४५.२२ | १७,१३१,२७०.०० |
| ६ | व्यावसयिक कर्जा | ४३४,५८४.९९ | ६३७,०७५.०० |
| ७ | व्यापारीक कर्जा | ४,१८६,७१२.०० | ४,७८४,२८५.०० |
| ८ | अल्पकालिन कर्जा | ६७८,०९६.५५ | ६७८,१०२.०० |
| ९ | स्वरोजगार कोष कर्जा | २,१२३,७८४.०६ | ५२,८००.०० |
| १० | सानाकिसान कर्जा | १,१०२,६३५.६४ | १,४००,९११.०० |
| ११ | कर्मचारी कर्जा | १९४,०८३.१० | २०५,०००.०० |
| १२ | कृषि कर्जा | ९,११८,६१२.२३ | ८,९८४,७०७.०० |
| १३ | यूवाउद्यम कर्जा | ७७८,९६४.०० | ९८७,३०६.०० |
| १४ | आपत्कालिन कर्जा | - | ४०,०००.०० |
| १५ | हायरपर्चेज कर्जा | १५८,३०४.१३ | १६०,०००.०० |
| | जम्मा :- | १२१,७६२,८११.८१ | १२२,६७३,५६३.०० |

S. Devkota & Company * Chartered Accountants

सहयोगी बचत तथा ऋण सहकारी संस्था लि. * म्याङलुङ-१, तेह्रथुम * २०५९

# सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

म्याङलुग, तेह्रथुम

२०८१ आषाढ ३१ को आर्थिक विवरण संग सम्बन्धित अनुसुचीहरु

**अन्य सम्पत्ति** — अनुसुची ९

| क.सं | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | पाउनु पर्ने ब्याज हिसाव | १५,१३९,०२८.९२ | ११,३३७,१६६.०० |
| २ | भूक्तानी पाउनुपर्ने हिसाव | ३१,५९७.०० | ३७,७३५.०० |
| ३ | अग्रीम आयकर | २००,७८३.२७ | १९९,२०६.१८ |
| | जम्मा :- | १५,३७१,४०९.१९ | ११,५७४,१०७.१८ |

**विविध आम्दानी** — अनुसुची १०

| क.सं | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | खाता वन्द शूल्क | २,५००.०० | २,०००.०० |
| २ | सेवा शूल्क आम्दानी | ४२५,२७९.०० | ६६४,४३१.०० |
| ३ | प्रवेश शूल्क | ३,६००.०० | ५४,३००.०० |
| ४ | हर्जाना रकम | ६,५९९.०० | १४,२६९.०० |
| ५ | भाडा आम्दानी | ६७,५१८.०० | - |
| ६ | विविध आम्दानी | २७०,३६७.२५ | ५७८,०६५.५१ |
| | जम्मा :- | ७७५,८६३.२५ | १,३१३,०६५.५१ |

**कर्मचारी खर्च** — अनुसुची ११

| क.सं | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | तलव भत्ता खर्च | १,९९३,९८२.७१ | २,०६५,८१७.२५ |
| २ | पोशाक भत्ता | ६७,५००.०० | ५८,५००.०० |
| ३ | दशै भत्ता | १३४,९३८.०० | १५०,५३२.५० |
| ४ | कर्मचारी खाजा भत्ता | १३२,०४५.०० | - |
| ५ | कर्मचारी उपदान खर्च | १३६,४१५.७३ | - |
| ६ | अन्य सुविधा | १४,४२४.१३ | |
| ७ | अतिरिक्त समय भत्ता | १३,९७८.२० | - |
| | जम्मा :- | २,४९३,२८३.७७ | २,२७४,८४९.७५ |

**लगानी** — अनुसुची १२

| क.सं | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | लगानी हिसाव | १८३,८३९.२५ | ७३८,०४५.४५ |
| २ | शेयर खाता (नेपाल वचत तथा ऋण केन्द्रिय सहकारी संघ लि ) | ५०,०००.०० | १३,०००.०० |
| ३ | जिल्ला वचत तथा ऋण सहकारी संघ | १३,१९४.०० | ११,१९४.०० |
| ४ | शेयर खाता (राष्ट्रिय सहकारी बैंक धनकूटा) | १३,०००.०० | ५०,०००.०० |
| | जम्मा :- | २६०,०३३.२५ | ८१२,२३९.४५ |

# सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

म्याडलुग, तेह्रथुम

२०८१ आषाढ ३१ को आर्थिक विवरण संग सम्बन्धित अनुसुचीहरु

| कार्यालय खर्च | | | अनुसुची १३ |
|---|---|---|---|
| क्र.सं | विवरण | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
| १ | मसलन्द तथा छपाई खर्च | ४६१,३५०.०० | २५८,८०२.०० |
| २ | टेलिफोन तथा सञ्चार खर्च | ५१,६३०.०० | ३५,१६४.०० |
| ३ | पानी वत्ति विजुली खर्च | ३३,०६५.०० | २७,५२०.०० |
| ४ | साधारण सभा खर्च | १९७,४१५.०० | १७७,०५६.०० |
| ५ | ह्रास खर्च | ५६९,३७१.०४ | ५८२,६२३.४४ |
| ६ | घर भाडा खर्च | १३२,०००.०० | १२२,०८०.०० |
| ७ | प्रशासनिक खर्च | १०८,८५५.०० | ३०६,३३०.०० |
| ८ | संचालक समिति तथा लेखा समिती बैठक खर्च | १२८,०००.०० | १३०,०००.०० |
| ९ | मर्मत खर्च | १०६,७५०.०० | १३,२००.०० |
| १० | तालिम खर्च | ६५,०००.०० | १५,४६०.०० |
| ११ | लेखापरीक्षण शुल्क | ५६,५००.०० | ५६,५००.०० |
| १२ | ईन्धन खर्च | ८७,८५०.०० | ५३,७२८.०० |
| १३ | दैनिक यातायात तथा अनुगमण खर्च | ९५,६६०.०० | ३४,४००.०० |
| १४ | सरसफाई खर्च | ३६,१८०.०० | १४,१००.०० |
| १५ | कर खर्च | - | ८५,४५८.३५ |
| १६ | खाजा खर्च | ३०,०००.०० | ३९,४३०.०० |
| १७ | सदस्यता, प्रवेश तथा नियमीत वचत खर्च | - | १,७२२.०० |
| १८ | स्वरोजगार कार्यक्रम खर्च | - | ३९,८००.०० |
| १९ | चावि, टेलर खर्च | - | ८,५००.०० |
| २० | वार्षिक समिक्षा कार्यक्रम खर्च | १०,३७०.०० | ७,८६०.०० |
| २१ | क्लोजिङ खर्च | ७,९८५.०० | - |
| २२ | सदस्य बैठक खर्च | - | २८,६१०.०० |
| २३ | ब्याज छुट खर्च | - | १६३,१८२.०० |
| २४ | बिमा खर्च | ३१,४३८.५४ | २४,४६२.६३ |
| २५ | विभिन्न उप-समिति बैठक खर्च | - | ३१,०००.०० |
| २६ | सदस्यता शुल्क | ३,३६६.०० | |
| २७ | विज्ञापन खर्च | १,५००.०० | - |
| २८ | अन्य विविध खर्च | ३२७,००८.३५ | ४७,१२०.०० |
| २९ | पत्रिका खर्च | ३,६००.०० | - |
| ३० | सुरक्षा खर्च | १३,५८९.०० | - |
| | जम्मा :- | २,५५८,४८२.९३ | २,३०४,१०८.४२ |

S. Devkota & Company * Chartered Accountants *

सहयोगी बचत तथा ऋण सहकारी संस्था लि. * म्याडलुग-१, तेह्रथुम * २०६३

# सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

म्याङलुग, तेह्रथुम

आषाढ मसान्त २०८१ को स्थिर सम्पत्ति र ह्रास बिवरण

अनुसुचि ८

म्याङलुग

| विवरण | गत बर्ष सम्मको | यस वर्ष थप | जम्मा सम्पती | ह्रास दर | यस वर्षको ह्रास खर्च | यस आ.ब.को अन्तसम्मको |
|---|---|---|---|---|---|---|
| जग्गा जमीन | ५,०००,०००.०० | ८७५,०००.०० | ५,८७५,०००.०० | - | - | ५,८७५,०००.०० |
| भवन | ६,१०५,९९९.६८ | २६०,०००.०० | ६,३६५,९९९.६८ | ५.००% | ३१८,३००.०० | ६,०४७,६९९.६८ |
| फर्निचर उपकरण | २८३,३४५.९३ | - | २८३,३४५.९३ | २५.००% | ७०,८३६.०० | २१२,५०९.९३ |
| कार्यालय उपकरण | १७७,७७०.५० | १०२,६४०.०० | २८०,४१०.५० | २५.००% | ६१,५४९.२९ | २१८,८६१.२१ |
| जम्मा | ११,५६७,११६.११ | १,२३७,६४०.०० | १२,८०४,७५६.११ | | ४५०,६८५.२९ | १२,३५४,०७०.८२ |

जिरी

| विवरण | गत बर्ष सम्मको | यस वर्ष थप | जम्मा सम्पती | ह्रास दर | यस वर्षको ह्रास खर्च | यस आ.ब.को अन्तसम्मको |
|---|---|---|---|---|---|---|
| फर्निचर | १४,११९.०० | - | १४,११९.०० | २५.००% | ३,५३०.०० | १०,५८९.०० |
| लिजहोल्ड सम्पत्ति | ३२६,३६९.३६ | | ३२६,३६९.३६ | ४ बर्ष | ८१,५९२.२० | २४४,७७६.९२ |
| कार्यालय उपकरण | ७९,९२०.८८ | ८१,५००.०० | १६१,४२०.८८ | २५.००% | ३३,५६३.५५ | १२७,८५७.३२ |
| जम्मा | ४२०,४०९.२४ | ८१,५००.०० | ५०१,९०९.२४ | | ११८,६८५.७५ | ३८३,२२३.२४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | ११,९८७,५२५.३५ | १,३१९,१४०.०० | १३,३०६,६६५.३५ | | ५६९,३७१.०४ | १२,७३७,२९४.०६ |

# सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

म्याङलुग, तेह्रथुम

आर्थिक वर्ष २०८०।८१

दफा १९ बमोजिम कट्टी हुने ह्रासकट्टी खर्चको विवरण

| विवरण | समुह क (भवन) | समुह ख | समुह ग | समुह घ | समुह ङ (लिजहोल्ड सम्पत्ति) | जम्मा |
|---|---|---|---|---|---|---|
| **आर्थिक वर्ष २०८०।२०८१ को लागी अ.ल्या.** | ६,१०५,९९९.६८ | ५५५,१५६.३३ | - | - | ३२६,३६८.८० | ६,९८७,५२४.८१ |
| **यस वर्षको खरिद** | | | | | | |
| श्रावण देखि पुष सम्म | २६०,०००.०० | ७९,५००.०० | - | - | - | ३३९,५००.०० |
| ह्रास खर्चको लागी समायोजन | २६०,०००.०० | ७९,५००.०० | - | - | - | ३३९,५००.०० |
| माघ देखि चैत्र सम्म | - | ५०,१४०.०० | - | - | - | ५०,१४०.०० |
| ह्रास खर्चको लागी समायोजन | - | ३३,४२६.६७ | - | - | - | ३३,४२६.६७ |
| वैशाख देखि असार सम्म | - | ५४,५००.०० | - | - | - | ५४,५००.०० |
| ह्रास खर्चको लागी समायोजन | - | १८,१६६.६७ | - | - | - | १८,१६६.६७ |
| **जम्मा खरिद समायोजन** | २६०,०००.०० | १३१,०९३.३३ | - | - | - | ३९१,०९३.३३ |
| बिक्री र समायोजन | - | - | - | - | - | - |
| **ह्रास आधार** | ६,३६५,९९९.६८ | ६८६,२४९.६६ | - | - | ३२६,३६८.८० | ७,३७८,६१८.१४ |
| ह्रास दर | ५% | २५% | २०% | १५% | ४ वर्ष | |
| **ह्रास खर्च** | ३१८,३००.०० | १७१,५६२.४१ | - | - | ८१,५९२.२० | ५७१,४५४.६१ |
| समायोजन नभएको खरिद | - | ५३,०४६.६७ | - | - | - | ५३,०४६.६७ |
| समायोजन नभएको मर्मत खर्च | - | - | - | - | १,९४९.१८ | १,९४९.१८ |
| **स्थिर सम्पत्तिको अन्तिम मौज्दात** | ६,०४७,६९९.६८ | ५६७,७३३.९१ | - | - | २४६,७२५.७८ | ६,८६२,१५९.३७ |
| | | | | | | |
| **मर्मत तथा संम्भार खर्च** | | | | | | |
| अधिकतम समायोजन् गर्न मिल्ने मर्मत तथा सम्भार | ४४५,६१९.९८ | ४८,०३७.४८ | - | - | २२,८४५.८२ | ५१६,५०३.२७ |
| वास्तविक मर्मत तथा सम्भार खर्च | ३९,६३०.०० | ४२,३२५.०० | | - | २४,७९५.०० | १०६,७५०.०० |
| **समायोजन गर्न मिल्ने मर्मत तथा सम्भार** | ३९,६३०.०० | ४२,३२५.०० | - | - | २२,८४५.८२ | १०४,८००.८२ |

### २.१.१ शेयर पुंजीमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | २८,८५२,२००.०० |
| यस बर्ष थप | रू. | २९०,०००.०० |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | २९,१४२,२००.०० |

### २.१.२ जगेडा कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | १२,०३६,३४७.१९ |
| अन्य कोषबाट रकमान्तरण | | १०,७२२.३६ |
| यस बर्ष थप | रू. | ७४१,५७६.६४ |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | १२,७८८,६४६.१९ |

### २.१.३ शेयर लाभांश कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/०८१ को शुरु मौज्दात | रू. | १,६५९,८३५.९७ |
| वितरण | रू. | (१,६५९,८३५.९७) |
| यस बर्ष थप | रू. | ८५०,४०३.०१ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ८५०,४०३.०१ |

### २.१.४ सहकारी प्रर्बद्दन कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ११७,०५१.०५ |
| खर्च | रू. | - |
| यस बर्ष थप | रू. | ११,१२३.६५ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | १२८,१७४.७० |

### २.१.५ सहकारी शिक्षा कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ३०१,७८८.३६ |
| यस बर्ष खर्च | रू. | (३०१,७८८.३६) |
| यस बर्ष थप | रू. | १५४,६१८.७३ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | १५४,६१८.७३ |

### २.१.६ संरक्षित पुजी फिर्ता कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | १,३०२,६८३.५६ |
| वितरण | रू. | (१,३०२,६८३.५६) |
| यस बर्ष थप | रू. | ६६७,४१८.९७ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ६६७,४१८.९७ |

### २.१.७ सहकारी बिकास कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | २,५४४,४९१.२३ |
| यस बर्ष खर्च | रू. | - |
| यस बर्ष थप | रू. | १५४,६१८.७३ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | २,६९९,१०९.९६ |

### २.१.८ कर्मचारी बोनस कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ३०१,७८८.३६ |
| यस बर्ष खर्च | रू. | (३०१,७८८.३६) |
| यस बर्ष थप | रू. | १५४,६१८.७३ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | १५४,६१८.७३ |

### २.१.९ घाटापूर्ती कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | २,९३४,६७७.५८ |
| वितरण | रू. | - |
| यस बर्ष थप | रू. | १५४,६१८.७३ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ३,०८९,२९६.३१ |

### २.१.१० घरजग्गा कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ११,६८४,९९४.५२ |
| वितरण | रू. | १३४,२००.०० |
| यस बर्ष थप | रू. | - |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ११,८१९,१९४.५२ |

### २.२ कर्जा सापटमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | १२२,६७३,५६३.०० |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | १२१,७६२,८११.८१ |
| बृद्धि / (कम) | | (९१०,७५१.१९) |
| बृद्धि दर | % | -०.७४% |

### २.३ निक्षेप दायित्वमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ९२,१९३,०३७.३५ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ९२,७३८,६९५.४५ |
| बृद्धि / (कम) | | ५४५,६५८.१० |
| बृद्धि दर | % | ०.५९% |

# सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## म्याङलुग, तेह्रथुम

पर्ल्स प्रतिवेदन

(२०८१ आषाढ मसान्त)

| आधार | | GOALS (लक्ष्य) | रकम रू. | कूल रकम रू. | परिणाम (%) |
|---|---|---|---|---|---|
| P | PROTECTION (संरक्षण) | | | | |
| १ | १२ महिना भन्दा बढि भाखा नाघेको ऋणको लागि व्यवस्था | १००% | ९,३३७,७७४.९१ | १२१,७६२,८११.८१ | ७.६७% |
| २ | १२ महिना भन्दा कम भाखा नाघेको ऋणको लागि व्यवस्था | ३५% | ७,०३२,८८४.२५ | १२१,७६२,८११.८१ | ५.७८% |
| E | Effective financial Structure (प्रभावकारी वित्तिय संरचना) | | | | |
| १ | जम्मा खुद ऋण/जम्मा सम्पत्ति | ७०-८०% | १२१,७६२,८११.८१ | १७६,९६८,४९४.६० | ६८.८०% |
| २ | जम्मा बचत/जम्मा सम्पत्ति | ७०-८०% | ९२,७३८,६९५.४५ | १७६,९६८,४९४.६० | ५२.४०% |
| ३ | बाह्य ऋण/जम्मा सम्पत्ति | बढिमा ५% | ३,३७५,००१.०० | १७६,९६८,४९४.६० | १.९१% |
| ४ | जम्मा शेयर पूँजी/जम्मा सम्पत्ति | १०-२०% | २९,१४२,२००.०० | १७६,९६८,४९४.६० | १६.४७% |
| ५ | संस्थागत पूँजी/जम्मा सम्पत्ति | कम्तिमा १०% | ६३,१२७,४८५.०० | १७६,९६८,४९४.६० | ३५.६७% |
| A | Assets Quality (सम्पत्तिको गुणस्तर) | | | | |
| १ | जम्मा भाखा नाघेको ऋण/ जम्मा उठ्न बाँकी ऋण | ५% भन्दा कम | १६,३७०,६५९.१६ | १२१,७६२,८११.८१ | १३.४४% |
| २ | आयआर्जन नगर्ने सम्पत्ति/ जम्मा सम्पत्ति | ५% भन्दा कम | १३,८४३,०८७.६६ | १७६,९६८,४९४.६० | ७.८२% |
| R | Rates of Return and Costs (लगानीको प्रतिफल तथा लागत) | | | | |
| १ | संचालन खर्च/औसत सम्पत्ति | ५% | ५,०५१,७६६.७० | १७४,८२२,५२७.३८ | २.८९% |
| २ | खुद आय/औसत सम्पत्ति | १०% | २,९६६,३०६.५५ | १७४,८२२,५२७.३८ | १.७०% |
| L | Liquidity (तरलता) | | | | |
| १ | तरलता रकम/ जम्मा बचत रकम | कम्तिमा १५% | २६,८३६,९४६.२९ | ९२,७३८,६९५.४५ | २८.९४% |
| २ | आयआर्जन नगर्ने तरल सम्पत्ति/जम्मा सम्पत्ति | १% भन्दा कम | १,१०५,७९३.६० | १७६,९६८,४९४.६० | ०.६२% |
| S | Signs of Growth (बृद्धिको संकेत) | | | | |
| १ | सदस्यता बृद्धि | १२% | ९९५ | ९८३ | १.२२% |
| २ | सम्पत्तिमा बृद्धि | मुद्रा स्फिती भन्दा बढि | १७६,९६८,४९४.६० | १७२,६७६,५६०.१६ | २.४९% |

# सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## म्याङलुग, तेह्रथुम

**अनुसुची ५ अनुसार आय विवरण**

आर्थिक वर्ष २०८०।८१

| | | | |
|---|---|---|---|
| | **आम्दानी** | | |
| १ | कर्जा तथा सापटबाट प्राप्त ब्याज | | १५,८९९,९८९.८० |
| २ | बैंक ब्याज | | ४८७,८७६.७९ |
| ३ | अवितरित कर्मचारी बोनस | | |
| ४ | विविध आम्दानी | | ७७५,८६३.२५ |
| | **कुल आम्दानी** | | **१७,१६३,७२९.८४** |
| | **खर्च** | | |
| ४ | ब्याज खर्च | | ८,८१९,१५७.१२ |
| ५ | कर्जामा ब्याज खर्च | | - |
| ५ | मर्मत तथा संभार खर्च | | |
| | दफा १६ बमोजिम कट्टी हुने मर्मत तथा संभार खर्च | | १०४,८००.८२ |
| ६ | ह्रासकट्टी खर्च | | |
| | दफा १९ बमोजिम कट्टी हुने ह्रासकट्टी खर्च | | ५७१,४५४.६१ |
| ७ | कट्टी हुने कर्जा नोक्सानी ब्यवस्था | | १४,१०४.६४ |
| ८ | अन्य खर्च | | |
| | कर्मचारी खर्च | | २,४९३,२८३.७७ |
| | कर्मचारी बोनस खर्च | | १५४,६१८.७० |
| | कार्यालय खर्च | | २,५५८,४८२.९३ |
| | जम्मा : | | ५,२०६,३८५.४० |
| | घटाईएको रकम | | |
| | ह्रासकट्टी खर्च (अलग हिसाव) | ५६९,३७१.०४ | |
| | करकट्टी नपाउने कर खर्च | - | |
| | मर्मत तथा संभार खर्च (अलग हिसाब ) | १०६,७५०.०० | (६७६,१२१.०४) |
| | जम्मा अन्य खर्च | | ४,५३०,२६४.३६ |
| | **जम्मा कट्टी पाउने खर्च** | | **१४,०३९,७८१.५५** |
| | **खुद नाफा । (नोक्सान)** | | **३,१२३,९४८.२९** |
| | **आयकर ब्यवस्था** | | **३१२,३९४.८३** |

# सहयोगी बचत तथा ऋण सहकारी सहकारी संस्था लि.
## म्याङलुग, तेह्रथुम

अनुसुची १४

## प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु

### १. प्रमुख लेखा नीतिहरु (Principle Accounting Policies)

१.१ **संस्था सम्बन्धी जानकारी** : सहयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड सहकारी ऐन, २०४८ अन्तर्गत सहकारी विभागमा दर्ता भएको सहकारी संस्था हो । यस संस्थाको कार्यालय म्याङलुग, तेह्रथुममा रहेको छ । यस संस्थाले सहकारिताको सिद्दान्त र सहकारी ऐनको परिधि भित्र रही संस्थाका सदस्यहरुबाट बचत संकलन तथा सदस्यहरुलाई उचित ब्याजदरमा ऋण लगानी आदि कार्य गरि रहेको छ । वित्तिय विवरणहरुले १ श्रावण २०८० देखि ३१ आषाढ २०८१ सम्मको अवधिलाई समेटेको छ ।

१.२ **लेखाङ्कनको आधार** : वित्तिय विवरणहरु अन्यथा उल्लेख गरिएकोमा बाहेक ऐतिहासिक लागत अवधारणा, सामान्य रुपमा स्वीकार्य तथा प्रचलनमा रहेका लेखा पद्धति, सहकारी ऐन, नियमावली तथा नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्थाबाट जारी गरिएको साधारण लेखामानका सिद्धान्त (Generally Accepted Accounting Principles ) अपनाई वित्तिय विवरण तयार गर्नु पर्छ ।

सहकारी ऐन २०७४ को दफा ७४ मा उल्लेखित प्रावधान बमोजिम संस्थाले राख्ने लेखा दोहोरो लेखाप्रणालीमा आधारित र सहकारीको कारोबारको यथार्थ स्थिति स्पष्ट रुपमा प्रतिविम्बित हुने गरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (Accounting Standard) अनुरुप राख्नु पर्दछ । नेपालमा लेखामान जारी गर्ने आधिकारीक निकाय नेपाल लेखामान बोर्ड हो र यसले नेपाल वित्तीय प्रतीवेदनमान (Nepal Financial Reporting Standards-NFRS) जारी गरेको छ । नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाको निर्णयानुसार आ.व. २०८१/८२ बाट अनिवार्यरुपमा नेपाल वित्तीय प्रतिवेदनमान पालना गरी वित्तीय विवरण तयार गर्नुपर्ने र आ ब २०८०/८१ को लागि सो व्यवस्था ऐच्छिक रहेकाले सस्थाले आफ्ना वित्तीय विवरणहरु "साविकको सर्वमान्य लेखाका सिद्धान्तहरु- Previous Generally Accepted Accounting Principles (GAAP)" अनुसार तयार गरेको छ ।

१.३ **आय लेखाङ्कनका आधार** : कर्जा तथा सापटमा प्राप्त हूने व्याज सहकारी विभागको निर्देशन अनुसार नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ । त्यस्तै प्रवेश शुल्क, सेवा शुल्क, हर्जाना शुल्क, खाता बन्द शुल्क तथा अन्य शुल्कलाई नगद प्राप्तिको आधारमा लेखांकन गरिएको छ । यसरी आयलाई नगद प्राप्तिको आधारमा लेखाङ्कन गर्नु नेपाल लेखामान ०७ मा उल्लेख भए अनुसार आयलाई प्राप्त रकम र प्राप्त हुन बांकी रकमको सन्तोषप्रद (Fair) मूल्यमा लेखाङ्कन गर्नूपर्ने प्रावधान अनूरुप रहेको छैन ।

१.४ **स्थिर सम्पत्ति**

स्थिर सम्पत्तिको मूल्याङ्कन गर्दा सो सम्पत्ति खरिद र निर्माण गर्दा लागेको लागत मूल्यका साथै सो संग सम्बन्धित प्रत्यक्ष खर्चहरु समेत समावेश गरिएका न् । रु ५,००० वा सो भन्दा कम मूल्य भएको तथा अल्पआयु एवं सजिलै संग टुटफुट हुन सक्ने प्रकृतिका सम्पत्तिहरुलाई पूजीगत गरिएको छैन ।

१.५ **ह्रास कट्टी** : संस्थाको स्थिर सम्पत्तिमा घट्दो ह्रास प्रणालीको सिद्धान्त अनूरुप ह्रास कट्टी हिसाब गरिएको छ । स्थिर सम्पत्तिको नीति अनुरुपको ह्रासदर निम्न रहेको छ ।

| स्थिर सम्पत्ति | ह्रास कट्टी दर |
|---|---|
| फर्निचर | २५ |
| कम्प्यूटर | २५ |
| भवन | ५ |
| लिजहोल्ड सम्पत्ति | सम्झौताअनुसार ५ बर्षमा (आ.व मा बांकी अवधि ४ बर्ष रहेको छ । ) |

१.६ **लगानी:** विभिन्न बैंक तथा संघ संस्थाहरुको सेयर तथा निक्षेपमा गरिएको लगानीलाई परल मोलको आधारमा लेखाङ्कन गरिएको छ ।

१.७ **ऋण लगानी:** संस्थाले प्रमुख रुपमा जेथा जमानतमा ऋण लगानी गर्ने गरेको छ । केही ऋण सदस्यहरुको सामुहिक जमानतमा समेत लगानी गर्ने गरेको छ ।

१.८ **जगेडा तथा अन्य कोषहरु:**

खुद बचत रकमबाट २५% रकम जगेडा कोषमा जम्मा गरिएको छ। जगेडा कोषमा जम्मा गरे पश्चात् बांकि रहन आएको रकमलाइ शत प्रतिशत मानि संरक्षित पूंजी फिर्ता कोषमा संस्थाको विनियमबमोजिम ३०% र सहकारी प्रर्बद्धन कोषमा ०.५ % छुट्याइएको छ यद्यपि संरक्षित पूंजी फिर्ता कोषमा संहकारी ऐन बमोजिम २५% मात्र छुट्टाउनुपर्ने प्रावधान छ । तत् पश्चात् बाकि रहेको रकमलाइ शत प्रतिशत मानि संस्थाको विनियमबमोजिम बिभिन्न कोषहरुमा वितरण गरिएको छ । यद्यपि संस्थाले सहकारी नियमावली २०७५ को नियम २७ (१-च) मा तोकिएबमोजिम सामुदायिक विकास कोषको व्यवस्था गरेको छैन् । साथै बचत तथा ऋणको कारोबार गर्ने संस्थाले सहकारी ऐन २०७४ को दफा १०३ बमोजिम व्यवस्था गर्नुपर्ने स्थिरीकरण कोषको समेत व्यवस्था गरेको छैन् ।

१.९ **आय तथा व्यय लेखाङ्कन सम्बन्धी नीति :**

क) ऋण लगानीको व्याज आयलाई नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ । आ.व.को अन्त्यमा पाकेको तर नगदमा प्राप्त नभएको व्याज बापतको रकमलाई पाउनु पर्ने शीर्षक अन्तर्गत लेखी व्याज मुल्तबीमा जनाउने नीति रहेको छ । नगद प्राप्तिका आधारमा व्याज आम्दानी जनाउने यो नीति नेपाल लेखामान ०७ साग सामन्जस्यता राख्दैन ।

ख) सेयर लगानीमा प्राप्त हूने लाभांश र निक्षेपमा प्राप्त हुने व्याजलाई प्राप्तिको आधारमा लेखाङ्कन गर्ने नीति लिइएको छ ।

ग) निक्षेप दायित्वमा दिइने व्याज खर्च सदस्यहरुसाग गरिएको सम्झौता अनुसार प्रोदभावी आधारमा खर्च लेख्ने गरिएको छ ।

घ) संस्थाले अन्य बैंक वित्तिय संस्थाबाट प्राप्त व्याजको श्रोतमा कर कट्टी गर्नु पुर्वको सम्पूर्ण व्याज रकमलाई आम्दानी जनाइएको छ ।

ङ) कर्जा तथा निक्षेपको व्याज गणना गर्दा ३६५ दिन बराबर १ वर्ष हिसाब गरिएको छ ।

१.१० **आयकर व्यवस्था :** आयकर ऐन, २०५८ तथा आयकर नियामावली, २०५९ अनूसार करको व्यवस्था गरीएको छ ।

१.११ **कमिशन आयको लेखाङ्कन** : यस संस्थाले विभिन्न कारोवारमा प्राप्त गरेको कमिशनलाई उपार्जनको आधारमा आम्दानीमा लेखाङ्कन गर्ने नीति लिइएको छ ।

२. लेखा सम्बन्धी अन्य टिप्पणीहरू

२.१ शेयर पुंजी तथा अन्य कोषमा भएको परिवर्तन

२.१.१ शेयर पुंजीमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | २८,८५२,२००.०० |
| यस बर्ष थप | रू. | २९०,०००.०० |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | २९,१४२,२००.०० |

२.१.२ जगेडा कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | १२,०३६,३४७.१९ |
| अन्य कोषबाट रकमान्तरण | | १०,७२२.३६ |
| यस बर्ष थप | रू. | ७४१,५७६.६४ |
| आ.व. २०७९/०८० को अन्तिम मौज्दात | रू. | १२,७८८,६४६.१९ |

२.१.३ शेयर लाभांश कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/०८१ को शुरु मौज्दात | रू. | १,६५९,८३५.९७ |
| वितरण | रू. | (१,६५९,८३५.९७) |
| यस बर्ष थप | रू. | ८५०,४०३.०१ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ८५०,४०३.०१ |

२.१.४ सहकारी प्रर्बद्न कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ११७,०५१.०५ |
| खर्च | रू. | - |
| यस बर्ष थप | रू. | ११,१२३.६५ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | १२८,१७४.७० |

२.१.५ सहकारी शिक्षा कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ३०१,७८८.३६ |
| यस बर्ष खर्च | रू. | (३०१,७८८.३६) |
| यस बर्ष थप | रू. | १५४,६१८.७३ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | १५४,६१८.७३ |

२.१.६ संरक्षित पुजी फिर्ता कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | १,३०२,६८३.५६ |
| वितरण | रू. | (१,३०२,६८३.५६) |
| यस बर्ष थप | रू. | ६६७,४१८.९७ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ६६७,४१८.९७ |

### २.१.७ सहकारी बिकास कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | २,५४४,४९१.२३ |
| यस बर्ष खर्च | रू. | - |
| यस बर्ष थप | रू. | १५४,६१८.७३ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | २,६९९,१०९.९६ |

### २.१.८ कर्मचारी बोनस कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ३०१,७८८.३६ |
| यस बर्ष खर्च | रू. | (३०१,७८८.३६) |
| यस बर्ष थप | रू. | १५४,६१८.७३ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | १५४,६१८.७३ |

### २.१.९ घाटापूर्ती कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | २,९३४,६७७.५८ |
| वितरण | रू. | - |
| यस बर्ष थप | रू. | १५४,६१८.७३ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ३,०८९,२९६.३१ |

### २.१.१० घरजग्गा कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ११,६८४,९९४.५२ |
| वितरण | रू. | १३४,२००.०० |
| यस बर्ष थप | रू. | - |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ११,८१९,१९४.५२ |

### २.२ कर्जा सापटमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | १२२,६७३,५६३.०० |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | १२१,७६२,८११.८१ |
| बृद्धि / (कम) | | (९१०,७५१.१९) |
| बृद्धि दर | % | -०.७४% |

### २.३ निक्षेप दायित्वमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ९२,१९३,०३७.३५ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ९२,७३८,६९५.४५ |
| बृद्धि / (कम) | | ५४५,६५८.१० |
| बृद्धि दर | % | ०.५९% |

## २.४ कर्जा वर्गिकरण तथा नोक्सानी व्यवस्था

सहकारी मापदण्डबमोजिम भाखा ननाघेका कर्जामा १ % , १ वर्षसम्म भाखा नाघेका कर्जाहरुमा ३५% र १ वर्षअवधि भन्दा बढी भाखा नाघेका कर्जाहरुमा १००% कर्जा नोक्सानी व्यवस्था गर्ने निती लिइएको छ ।

## २.५ निक्षेप र कर्जाको भारित औषत ब्याज दरको अन्तर (Weighted Average Interest Rate Spread)

| | | |
|---|---|---|
| कर्जामा भारित औसत ब्याज दर | % | १४.७९ % |
| बचतमा भारित औसत ब्याजदर | % | ८.९९ % |
| भारित औसत ब्याजदर फरक | % | **५.८ %** |

## २.६ ब्याज मुल्तबी हिसाब (Interest Suspense A/c)

चालु आ ब को अन्त्यमा कर्जा लगानीमा पाउनुपर्ने ब्याज रकम रू १५,१३९,०२८.९२ लाई पाउनु पर्ने ब्याज हिसावमा लेखाकंन गरी सो बराबरको रकम ब्याज मुल्तवी हिसाबमा उल्लेख व्यवस्था गरिएको छ । आ ब को अन्त्य पछि २०८१ श्रावण १५ सम्म प्राप्त ब्याज रकमलाई आम्दानी बाध्न मिल्ने सहकारी विभागको निर्देशन भएता पनि सो रकमलाई आम्दानी बाधिएको छैन ।

## २.७ तरलता

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| नगद मौज्दात | १,१०५,७९३.६० | १,२४६,५९३.३६ |
| बैंक मौज्दात (मुद्धति समेत) | २५,७३१,१५२.६९ | २३,२४७,५३१.८२ |
| जम्मा तरल सम्पत्ति | २६,८३६,९४६.२९ | २४,४९४,१२५.१८ |
| कुल बचत रकम | ९२,७३८,६९५.४५ | ९२,१९३,०३७.३५ |
| तरलता प्रतिशत | २८.९४% | २६.५७% |

## २.८ सम्बद्ध व्यक्ति । समूह वारे जानकारी

### २.८.१ सम्बद्ध संस्था

सम्बद्ध संस्था रहेको छैन ।

## २.९ घरजग्गा कोष सम्बन्धमा

चलु आ ब मा नयाँ सदस्यहरु थप गर्दा रु १०० भन्दा बढी मुल्यमा शेयर प्रदान गरिएको र परल मुल्य भन्दा बढीमा शेयर प्रदान गर्दा बढी प्राप्त रकम घरजग्गा कोषमा राखिएको छ र सोको विवरण निम्नानुसार छ : -

| विवरण | रकम (रु) |
|---|---|
| आ.व २०८०।८१ को शुरु मौज्दात | ११,६८४,९९४.५२ |

| | |
|---|---|
| यस वर्षको थप | १३४,२००.०० |
| आ.व २०८०।८१ को अन्तिम मौज्दात | ११,८१९,१९४.५२ |

**२.९ कर्जा जोक्सानी व्यवस्था सम्बन्धमा**

सहकारी मापदण्डबमोजिम भाखा ननाघेका कर्जामा १ % , १ वर्षसम्म भाखा नाघेका कर्जाहरुमा ३५% र १ वर्षअवधि भन्दा बढी भाखा नाघेका कर्जाहरुमा १००% कर्जा नोक्सानी व्यवस्था गर्ने निती लिइएको भएता यस वर्ष बजारमा रहेको तरलताको अभाव र व्यापारमा आएको मन्दिको कारण सो प्रावधान अनुरुप कर्जा जोक्सानी व्यवस्था  गरिएको छैन । सो बमोजिम व्यवस्था नगरी आ.व २०७९.८० को आषाढ मसान्तसम्मा रु. ११,५३३,३०६.८३ दायित्व कम लेखाङकन हुन गएको छ ।

| कर्जाको प्रकार | बाकी कर्जा | कर्जा नोक्सानी व्यवस्था |
|---|---|---|
| खराब कर्जा | ९,३३७,७७४.९१ | ९,३३७,७७४.९१ |
| कमसल तथा शंकास्पद कर्जा | ७,०३२,८८४.२५ | २,४६१,५०९.४९ |
| असल कर्जा | १०५,३९२,१५२.६५ | १,०५३,९२१.५३ |
| **आ.व २०८०।८१ सम्ममा कायम हुनुपर्ने कर्जा नोक्सानी व्यवस्था** | **१२१,७६२,८११.८१** | **१२,८५३,२०५.९३** |
| वित्तिय विवरणमा कायम गरिएको कर्जा नोक्सानी व्यवस्था | | १,३१९,८९९.०९ |
| **यस आ.व सम्ममा नपुग कर्जा नोक्सानी व्यवस्था** | | **११,५३३,३०६.८३** |

२.१० चालु आ ब मा रू ११,३५,००० मुल्यमा लेखाकंन गरिएको गैह्र बैकिग सम्पत्ती (घर जग्गा) लाई संस्था आफैले सकारेको कारण सो सम्पत्तीलाई संस्थाको सम्पत्तीको रूपमा अनुसुची ८ मा लेखाकंन गरिएको छ ।

२.११ विगत आ.व.को वित्तीय विवरणँको बिभिन्न शिर्षकहरूमा दर्शाएका रकमहरूलाई सार्थक प्रस्तुति तथा अर्थपुर्ण तुलनाको लागि आवश्यकता अनुसार पुनः वर्गीकरण गरिएको छ ।

S. Devkota & Company Chartered Accountants